DEMOCRACY RESOURCE CENTER

# स्थानीय निकाय पुनर्संरचनासम्बन्धी संवाद उत्साहजनक, तर पुनर्संरचनाका आधार तथा औचित्य आवश्यक

**अक्टोबर २०, २०१६**

डेमोक्रेसी रिसोर्स सेन्टर (डीआरसी) नेपाल स्थानीय निकाय पुनर्संरचनासम्बन्धी भइरहेको संवादलाई सकारात्मक ठान्दछ र स्थानीय निकाय पुनर्संरचना आयोगको संवैधानिक अधिकारलाई निरन्तर सम्मान गर्न प्रोत्साहन गर्दछ। नेपालमा नयाँ स्थानीय निकायको संख्या यकिन गर्ने आधार र औचित्य स्पष्ट हुनेगरी पुनर्संरचनाका लागि अनौपचारिक योजना तर्जुमा र यसबारे प्रभावकारी सूचना प्रवाह गर्न सहकार्य गर्न डीआरसी नेपाल सबै सरोकारवालालाई आह्वान गर्दछ।

विद्यमान बुझाइअनुसार पुनर्संरचनापछि स्थानीय निकायको संख्या इलाकाको आधारमा स्थानीय निकाय पुनर्संरचना आयोगले प्रस्ताव गरेझैं ५६५ देखि ९२७ सम्म हुनेछ । इलाकालाई पुनर्संरचनाको मुख्य आधार बनाउने सरकारको संशोधित प्रस्ताव सकारात्मक छ । तर यो राजनैतिक समाधानको “मध्यमार्गी उपाय” ले किन यो संख्या उपयुक्त छ भनी स्पष्ट पार्न सकेको छैन । यकिन संख्याको विवादमा केन्द्रित संवादमा सुशासन, समानुपातिक प्रतिनिधित्व, चुस्त सेवा वितरण, र विकासजस्ता पुनर्संरचनाका आधारभूत उद्देश्य कसरी हासिल गर्ने भन्ने विषयप्रति ध्यान अपर्याप्त छ। पुनर्संरचनाले सम्पूर्ण नेपाली नागरिकहरूको उचित सरोकारलाई आत्मसाथ गर्छ भन्ने सुनिश्चित गर्न तटस्थ विज्ञहरू सम्मिलित स्थानीय निकाय पुनर्संरचना आयोग उचित स्थानमा रहेको छ।

स्पष्ट आधार र औचित्य पुनर्संरचनाका लागि अपरिहार्य छन्। यो आयोगका सदस्य र सम्बन्धित विज्ञहरूको सुसूचित अध्ययन तथा अनुसन्धान र सम्पूर्ण उचित सरोकारवालासँगको परामर्शबाट यकिन गरिनुपर्छ । आयोगले प्रस्ताव गरेको ५६५ संख्याको औचित्य स्पष्ट नहुनु नै आयोगको कामप्रतिको सबैभन्दा ठूलो आलोचना रहेको छ । पुनर्संरचना प्रक्रियालाई स्थानीय तहमा सर्वस्वीकार्य बनाउन आयोगले विभिन्न समूहका माग र सरोकारको उचित सम्बोधन गर्नुपर्ने देखिन्छ । डीआरसी नेपालले तराईका स्थानीय मधेसी र थारू नेताहरुसँग गरेको कुराकानीमा तराई र पहाडका जिल्लामा जनसंख्याको फरक फरक मापदण्डप्रति कडा असन्तुष्टि व्यक्त गरिएको थियो। पहाडी र भित्री मधेसका जिल्लाहरूमा नयाँ स्थानीय निकायले आम नागरिकलाई फाइदा नपुग्ने र संख्या बढेको खण्डमा राज्यका श्रोतमाथि नागरिकको पहुँच विद्यमान प्रशासनिक संरचनाभन्दा अझ टाढा पुग्ने चिन्ता व्यक्त गरिएको थियो।

तराईमा पुनर्संरचना प्रक्रियाको स्वीकार्यता र उचित कार्यान्वयन सुनिश्चित गर्न स्थानीय निकाय पुनर्संरचना गर्नु पहिले मधेसी र थारू समूहको मागअनुसार प्रादेशिक सीमांकनको विवाद नेपाल सरकारले टुंग्याउनुपर्ने देखिन्छ । आयोगलाई आफ्नो काम प्रभावकारी रूपमा पूरा गर्न सरकारले

आवश्यक श्रोत र विज्ञहरू, र गाउँ परिषद, नगर परिषद, जिल्ला सभाका भूमिका र दायित्व, यी प्रत्येक इकाइका अधिकार, र अन्तरसम्बन्धसम्बन्धी स्पष्ट सूचना उपलब्ध गराउनुपर्ने देखिन्छ. यसबाट आयोग र प्राविधिक समितिहरूको कार्य सम्पादनमा सहयोग पुग्ने, र अन्य सरोकारवालाहरूले पुनर्संरचना पछिको परिवर्तनले जीविकोपार्जनमा पार्ने प्रभाव बुझ्न सहयोग गर्ने देखिन्छ ।

पुनर्संरचना आयोगले केही उल्लेखनीय उपलब्धि हासिल गरेको छ. स्थानीय निकायलाई कसरी प्रभावकारी रूपमा पुनर्संरचना गर्न सकिन्छ भन्ने विषयमा प्राविधिक विज्ञहरूले राष्ट्रिय स्तरमा विस्तृत अध्ययन गरेका छन् । ५० भन्दा धेरै जिल्लास्तरीय प्राविधिक समितिहरूले आयोगमा आफ्नो प्रतिवेदन पेश गरिसकेका छन् । आयोग र अन्य सरोकारवालाहरूले अहिलेसम्म भएका प्रगतिको मूल्यांकन गरी उचित सुधार गरी उपयोग गर्नेतर्फ अग्रसर हुनेपर्ने देखिन्छ ।

कुनै पनि प्रस्तावमा सबल पक्ष र सीमितता दुवै रहनेछन् । सम्बन्धित सबै सरोकारवालाहरूसँगको परामर्शमा आधारित भएर, पुनर्संरचनाका आधारभूत उद्देश्यलाई आत्मसाथ गर्दै, तटस्थ पुनर्संरचना आयोगको प्रस्तावले नै नयाँ संविधानको उद्देश्य हासिल गर्न र आम नेपाली नागरिकका आकांक्षा पूरा गर्न सफल हुनेछ भन्ने कुरामा डीआरसी नेपाल विश्वस्त छ ।

अन्ततः पुनर्संरचना आयोगको अन्तिम प्रस्तावको सफलता नेपाल सरकार, राजनीतिक दल, र आमनागरिकले यसलाई कसरी स्वीकार गर्छन् भन्नेमा भर पर्ने देखिन्छ । प्रस्ताव सर्वस्वीकार्य हुने गरी यसको प्रभावकारी कार्यान्वयनका लागि उचित वातावरण तयार गर्न सबै सरोकारवालाहरूले आपसी मतभेद हटाउँदै सहकार्य गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**सुझावहरू :**

१. पुनर्संरचनासम्बन्धी संवाद उत्साहजनक छ । सरकार, राजनीतिक दल, पुनर्संरचना आयोग र अन्य सरोकारवालाबीच यो निरन्तर हुन जरूरी छ ।

२. सबै सरोकारवालाले पुनर्संरचना आयोगको संवैधानिक कार्याधिकारको सम्मान गर्नुपर्ने, र स्थानीय निकायको संख्या र सीमांकनको निर्धारण आयोगको तटस्थ र प्राविधिक अध्ययनको आधारमा गर्नुपर्ने देखिन्छ ।

३. स्थानीय निकायको संख्याको स्पष्ट आधार र औचित्य निर्धारण गर्दै, यससम्बन्धी पर्याप्त सूचना सञ्चार गर्नुपर्ने देखिन्छ ।

४. आयोगको प्रस्ताव सुशासन, समानुपातिक समावेशिता, चुस्त सेवा वितरण, र विकासजस्ता आधारभूत उद्देश्य हासिल गर्नेतर्फ अग्रसर हुन जरूरी छ ।

५. पुनर्संरचना आयोगकोको काम पारदर्शी हुनुपर्ने । यसले आफ्नो कार्यसम्बन्धी सूचना सार्वजनिक गर्नुपर्नेछ । पुनर्संरचनासम्बन्धी निर्णय राजनीतिक दल, नागरिक समाज, आम नागरिक, र स्थानीय र राष्ट्रियस्तरका अन्य सरोकारवालाहरूसँग बृहत्तर परामर्शपछि मात्र गर्नुपर्ने देखिन्छ ।

६. नेपाल सरकारले स्थानीय निकाय पुनर्संरचना गर्नु पहिले प्रादेशिक सीमांकनको माग पूरा गरी गाउँ परिषद, नगर परिषद, जिल्ला सभाका भूमिका र दायित्व, यी प्रत्येक इकाइका अधिकार, र अन्तरसम्बन्धबारे स्पष्ट सूचना उपलब्ध गराउनुपर्ने देखिन्छ।

७. पुनर्संरचना आयोगले अहिलेसम्म हासिल गरेका उपलब्धिको समुचित उपयोग गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

८. सम्बन्धित सबै सरोकारवालाले आयोगको प्रस्तावको स्वीकार्यता र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने अनुकूल वातावरण सिर्जना गर्नेतर्फ अग्रसर हुनुपर्ने देखिन्छ।

९. पुनर्संरचना आयोगलाई प्रभावकारी कार्यसम्पादन गर्न पर्याप्त स्रोतसाधन उपलब्ध गराउनुपर्ने देखिन्छ।